दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : १ २०८० साल असार १८ गते

## भाग : १

दुल्लू नगरपालिका, नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन (संशोधन) सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## दुल्लू नगरपालिकाको शिक्षा (दोश्रो संशोधन) ऐन, २०८०

दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगरपालिकाको १३ औं नगरसभाबाट दुल्लू नगरपालिकाको शिक्षा (दोश्रो संशोधन) ऐन, २०८० पारित गरी लागू गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम दुल्लू नगरपालिकाको शिक्षा (दोश्रो संशोधन) ऐन, २०८० रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा २९ मा संशोधन : दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ (यस पछि मूल ऐन भनिएको) को दफा २९ को उपदफा (२) मा "उपदफा क र घ" भन्ने शब्दहरूको सट्टा देहायबमोजिम शब्दहरू राखिएको छः-

"खण्ड क, ख र घ"

३. मूल ऐनको दफा ३४ को उपदफा १ को खण्ड (ग) मा "निर्माण समिति बनाएर मात्र" भन्ने शब्दहरूको सट्टा देहायको शब्दहरू थप गरिएको छः-

"विद्यालय व्यवस्थापन समितिले" ।

देहायका शब्दहरू हटाइएको छः-

"उक्त समितिमा विद्यालय व्यवस्थापन समितिको कुनै पनि सदस्य बस्न पाइने छैन ।"

मूल ऐनको दफा ५७ को उपदफा (२) पछि देहायबमोजिमको उपदफा थप गरिएको छः-

उपदफा २क. "विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नहुञ्जेल सम्मका लागि विद्यालय व्यवस्थापन समितिले निर्णय गरी समितिका सदस्यहरू मध्ये एकजना सदस्यलाई शिक्षक तथा कर्मचारी छनौट समितिको संयोजक तोक्न सक्नेछ ।"

मूल ऐनको दफा ८८ को उपदफा २ मा संशोधन : "विद्यालयले सञ्चालन कोषमा जम्मा भएको रकम व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ" भन्ने वाक्यांशका पछि देहायअनुसार शब्दहरू थप गरिएको छः-

"तर विद्यालय व्यवस्थापन समिति गठन हुन नसकि विद्यालयको कोष सञ्चालन हुन नसकेको अवस्थामा वडा शिक्षा समितिको सिफारिशमा विद्यालयको कोष सञ्चालन गर्न सकिनेछ ।"

आज्ञाले
ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०८०/०३/१८